

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २१ गते शनिबार ❑ 4 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## शिक्षामा सुधारमार्फत् समृद्धिको जग बसाल्छौँ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, २० माघ**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षामा सुधार गरेर मात्र समृद्धि र सुशासनको जग बसाल्न सकिने बताउनुभएको छ।

सिन्धुपाल्चोकको जुगल गाउँपालिका-५ चनौटेस्थित जनवादी गणतन्त्र चीनको सहयोगमा रत्नराज्य माध्यमिक विद्यालयको नवनिर्मित भवनको समुद्घाटनमा प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो । प्रधानमन्त्रीले भन्नुभयो, "जुगल गाउँपालिकाका आदरणीय जनसमुदायका लागि यो कार्यक्रम खुसी र गौरवको कुरा हो। विद्यालय निर्माणका निम्ति मेरो भूमिका छ। म नेपाल सरकार एवं मेरोतर्फबाट चीन सरकार र चिनियाँ जनतालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।"

विनाशकारी भूकम्पपछिको पुनःनिर्माणमा चीन सरकारले विद्यालयका साथै अन्य धेरै क्षेत्रमा सहयोग गरेको उहाँले स्मरण गर्नुभयो । चीन सरकारलेल भौतिक पूर्वाधार र शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा महत्वपूर्ण काम गरेको उहाँको भनाइ छ। नेपाली जनताको समृद्धि र सुशासनको आकाङ्क्षामा चीन सरकारको निरन्तर सहयोग रहने अपेक्षा रहेको उहाँले बताउनुभयो।

"सिन्धुपाल्चोकका जनताका पीडामा सहभागी हुने अवसर मिल्दै आएको छ। दुःख र सुखीमा म तपाईंहरूको साथमा छु", प्रधानमन्त्रीले अगाडि भन्नुभयो, "जुरेको पहिरो, भूकम्पपछिको पुनःनिर्माण, मेलम्चीको विनाश लगायतका सबै पीडामा तपाईंहरूसँग ऐक्यबद्ध भएर काम गर्न पाउँदा खुसीको महसुस गरेको छ।" उहाँले मुलुकको अर्थतन्त्रमा केही गम्भीर समस्या भएको भन्दै मन्त्रिपरिषद्को पहिलो बैठकबाटै अर्थतन्त्रमा सुधार गर्ने अठोट लिएको बताउनुभयो । "निजी क्षेत्र र सरकारको सहकार्यमा अर्थतन्त्र उकास्ने अठोट गरेको छु। बैंक र व्यवसायीबीच सहकार्यको स्थिति सिर्जना भएको छ। अर्थतन्त्रमा सुधार आउने आधार देखिएका छन्। अर्थतन्त्रले क्रमशः विकासको गति लिनेछ", उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले प्रतिनिधिसभामा आफूलाई ९९ प्रतिशतभन्दा बढी सांसदको विश्वासको मत प्राप्त भएको भन्दै यो ठूलो जिम्मेवारी र चुनौती भएको बताउनुभयो। "विकास, सुशासन र समृद्धिको चुनौती एक्लै पूरा गर्न सकिँदैन। आम जनसमुदाय र छिमेकीको सहयोगबाट मात्र हामीले त्यो चुनौती छिचोल्न सक्छौँ। नेपालको विकासमा भारत र चीन सरकारबाट महत्वपूर्ण सहयोग रहनेछ", उहाँले भन्नुभयो।

## पोखरामा हुन थाल्यो खाद्य परीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, २० माघ**

साउन १ गते अघिसम्म गण्डकी प्रदेशभर बजार अनुगमनका क्रममा देखिएका त्रुटि परीक्षण गर्न काठमाडौँ र भैरहवा पुऱ्याउनुपर्ने बाध्यता थियो । जसले कारवाहीमा ढिला हुन्थ्यो। नतिजा ढिला आउँदा कार्यप्रगति पनि सोचेअनुरुप देखिने गरेको थिएन।

पछिल्लो समय पोखरामा खाद्य प्रयोगशाला स्थापनापछि गण्डकी प्रदेशका ११ जिल्लाको काममा निकै प्रगति देखिएको छ । बजार अनुगमनका क्रममा देखिएका त्रुटि परीक्षण गर्न काठमाडौँ र भैरहवा पुऱ्याउनुपर्ने बाध्यता हटेको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराले प्रयोगशाला सञ्चालनमा ल्याएको हो । पोखरामा प्रयोगशाला बनेपछि बजार अनुगमनसहित खाद्य सुरक्षामा सहज भएको खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालय पोखराका निमित्त कार्यालय प्रमुख शिवजी बरालले बताउनुभयो। गण्डकीमा खानेतेल, पानी, दुग्धजन्य पदार्थ तथा खाद्यन्नलगायतमा मिसावट हुने गरेको उहाँले बताउनुभयो। 'गण्डकी प्रदेशभित्र खानेतेल, पानी, दुग्घजन्य पदार्थ तथा खाद्यन्नमा मिसावट धेरै भेटिएको छ,' निमित्त प्रमुख बरालले भन्नुभयो, 'विभागले त्यसमा केन्द्रीत हुँदै अनुगमन गर्दै आइरहेको छ । केही त्रुटि भेटिने बित्तिकै तत्काल हाम्रै प्रयोगशालामा परीक्षण गर्छौँ ।' साउनदेखि पुस मसान्तसम्म पाँच सय ७५ वटा नमूनाको परीक्षण गरिएको कार्यालयका खाद्य अनुसन्धान अधिकृत दीपक कुँवरले जानकारी दिनुभयो। प्रदेशको राजधानीमा भएको प्रयोगशालाबाट अधिकांश खाद्य वस्तु परीक्षण हुने उहाँले जानकारी दिनुभयो। 'हामीले यहाँबाट सागपातमा हुने विषादीको नमूना परीक्षण गर्न सक्दैनौँ,' खाद्य अनुसन्धान अधिकृत कुँवरले भन्नुभयो, 'त्यो बाहेक दूध, पानी, मासुलगायत खाद्यवस्तुको माइक्रोबायलोजी हेर्ने, खाद्यवस्तुको पारामिटर हेर्ने सामर्थ्य राख्छौँ।' उपभोक्ता मञ्च गण्डकी प्रदेशका अध्यक्ष अपिलनाथ कोइरालाले पोखरामा स्थापना भएको प्रयोगशालाले बजार अनुगमनको काम छिटो भएको बताउनुभयो। 'हामी खाद्य सुरक्षामा ध्यान दिँदै अनुगमनमा जान्छौँ । अनि केही त्रुटि भएर परीक्षण गर्नुपऱ्यो भने लामो समयसम्म पनि रिपोर्ट आउन गाह्रो थियो,' कोइरालाले भन्नुभयो, 'पोखरामै प्रयोगशाला स्थापनापछि अनुगमनको काम छिटो भएको छ।' पोखरामा रहेको कार्यालयले कास्की, स्याङ्जा र पर्वत जिल्लामा खाद्य गुणस्तर जाँच गर्ने काम गर्छ। बाग्लुङको कार्यालयले बाग्लुङसहित म्याग्दी र मुस्ताङ हेर्छ। तनहुँ कार्यालयले तनहुँसहित लमजुङ, गोरखा, मनाङ र नवलपुरमा काम गर्छ।

## जरोटुप्पोको वाङ्मय सम्मान डा भण्डारीलाई प्रदान गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० माघ**



जरोटुप्पो संरक्षण साहित्य समाज नेपालद्वारा स्थापित इन्द्र-हुमा वाङ्मय सम्मान साहित्यकार डा पुष्पा केसी भण्डारीलाई प्रदान गरिने भएको छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेलको संयोजकत्वमा गठित प्रतिभा छनौट समितिले भण्डारीलाई सम्मान गर्ने निर्णय गरेको हो । प्रतिभा छनौट समितिको सदस्यमा नेपाली विभाग पृथ्वीनारायण क्याम्पसका विभागीय प्रमुख प्राडा कुसुमाकर न्यौपाने, वरिष्ठ लोकगायिका प्राज्ञ हरिदेवी कोइराला र पदेन सदस्यमा कोषका संस्थापक सविन जिसी र संस्थाका अध्यक्ष डा नारायणप्रसाद अधिकारी रहुनभएको थियो । भण्डारीलाई रु १० हजार एक सय राशि र दोसल्लासहित सम्मान गरिने समाजका प्रवक्ता ताराबहादुर गुरुङले जानकारी दिनुभयो । पुरस्कार नाट्यसम्राट बालकृष्ण समको १२१औँ सम जयन्ती समारोहका सन्दर्भमा यही माघ २४ गते प्रदान गरिने भएको छ। आफ्ना बुबाआमाको स्मृतिमा छोरी सीताकुमारी जिसीले परिवारजनका तर्फबाट रु एक लाख ६१ हजार १११ को अक्षयकोष स्थापना गर्नुभएको थियो । अक्षयकोषको ब्याज रकमबाट संस्थाले उक्त सम्मान गर्न लागेको हो । भण्डारीका 'केही सुसेली : केही सुस्केरा' कवितासङ्ग्रह, 'सङ्गम' र 'जिन्दगीको दोसाँधमा' मुक्तक सङ्ग्रह प्रकाशित छन् । उहाँ सिर्जना साहित्य सदन घाचोक र हेमजा साहित्य प्रतिष्ठानकी संरक्षकसमेत हुनुहुन्छ।

## गण्डकी प्रदेश सरकार स्थापनामा प्रदेशस्तरीय मुख्यमन्त्री कप भलिबल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० माघ**

गण्डकी प्रदेश सरकारको स्थापना दिवस पारेर पोखरामा प्रदेशस्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता सञ्चालन हुने भएको छ।

प्रदेश सरकार मातहतको प्रदेश खेलकुद परिषद्ले सरकार स्थापनाका अवसर पारेर फागुन १ देखि ३ गतेसम्म मुख्यमन्त्री कप महिला तथा पुरुष भलिबल गर्ने निर्णय गरेको हो।

विसं २०७४ फागुन २ गते पहिलोपटक प्रदेश सरकार गठनको दिनलाई प्रदेश सरकारको स्थापना दिवसका रूपमा विविध कार्यक्रम गरी मनाइँदै आएको छ।

सरकारको स्थापना दिवस पारेर प्रदेशस्तरीय मुख्यमन्त्री कप भलिबल प्रतियोगिता गर्ने निर्णय प्रदेश खेलकुद परिषद्को शुक्रबारको कार्यकारी समितिको बैठकले गरेको सदस्य सचिव घनश्याम पौडेलले जानकारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भलामखोरका घरघरमा खानेपानी धारा

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएका पोखरा(-२० भलामखोरका बासिन्दाका घरघरमा धारा जडान गरिएको छ। कूल रू एक करोड १९ लाख ३२ हजार आठ सय लागतमा इक्राघारी विचारी खानेपानी आयोजना सम्पन्न भएसँगै स्थानीयको घर-घरमा मिटरसहितको खानेपानी धारा जडान गरिएको हो।

गण्डकी प्रदेश सरकारको 'एक घर एक धारा' कार्यक्रमअन्तर्गत रु एक करोड आठ लाख ४८ हजार र १० लाख ८४ हजार आठ सय बराबरको स्थानीय जनश्रमदान परिचालन गरिको इक्राघारी विचारी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष तुलसीप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०७७/ ७८ निर्माण कार्य सुरु गरिएको सो आयोजना सम्पन्न भएसँगै उक्त स्थानका ९१ घरका चार सय ५० परिवारलाई प्राकृतिक स्रोतको शुद्ध खानेपानी सुविधा पुगेको छ। "विश्वव्यापी फैलिएको कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सरकारले गरेको बन्दाबन्दीको अवसरमा सुरु गरिएको भए पनि निर्माण कार्यले निरन्तरता पाएको हो", तिमिल्सिनाले भन्नुभयो, "प्रदेश खानेपानी कार्यालयको आर्थिक एवम् प्राविधिक सहयोग र उपभोक्ताको अथक प्रयासले योजना सम्पन्न भई खानेपानी सहज भएको हो।" बस्तीभन्दा एक हजार सात सय मिटर लम्बाइमा जङ्गलको पानीको स्रोतबाट दुई इन्चको पाइपमार्फत ल्याइएको पानी ५० हजार र ३०/ ३० हजार लिटर क्षमताका छुट्टाछुट्टै तीनवटा ट्याङ्कीमा पानी सङ्कलन गरी वितरणको व्यवस्था गरी भएको उहाँको भनाइ छ।

एक गाग्री पानीका लागि जुकेपानी, भलामखोला र टारी कुवासम्म धाउनुपर्ने बाध्यता थियो। करिब २२ वर्षअघि नेपाल रेडक्रस सोसाइटी र लायन्स क्लबको सहयोगमा एक इन्चको पाइपबाट पानी आएपछि केही सुविधा पुगे पनि हाल सोही योजनाको स्तरोन्नति गरेपछि हाल पानीको राम्रो सुविधा पुगेको छ । योजनाबाट एक सय १५ सम्म धारा सञ्चालन गर्ने क्षमता रहेको बताइएको छ । उपभोक्ता समितिका सचिव प्रजापति पौडेलका अनुसार बस्तीमा तीन हजारभन्दा बढी मिटर लम्बाइको वितरण पाइप विस्तार गरिएको छ। जङ्गलबीचको पानी घरमा आइपुगेपछि स्थानीय खुसियाली छाएको छ।

खानेपानी वितरणलगायत मुहान सरसफाइ र रेखदेखका लागि स्थानीय उपभोक्ता बुद्धिबहादुर थापालाई जिम्मेवारी दिइएको छ । योजना सम्पन्न भएसँगै खानेपानी वितरणलाई व्यवस्थित गर्नका लागि कार्यालय भवनसमेत निर्माण गरिएको छ। भवन निर्माणका लागि आवश्यक जग्गा स्थानीय जसुका पौडेलले निःशुल्क प्रदान गर्नुभएको उपभोक्ता समितिका कोषाध्यक्षका माया जिसीले जानकारी दिनुभयो । भवनसँगै परम्परागत रूपमा उपयोग गरिएको तोरी पेल्ने कोल, कुटानी पिसानीका ढिकी र जाँतोसमेत स्थापना गरी प्रदर्शन गर्ने योजना रहेको बताउँदै उहाँले त्यसका लागि सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। यसैगरी



पोखरा महानगरपालिका-२० का वडाध्यक्ष गङ्गाबहादुर केसीले करोडौँ रकम खर्च गरेर निर्माण गरिएका खानेपानी योजनाअन्तर्गत आएको पानी खानका लागि मात्र नभई उत्पादनसँग जोडिनुपर्ने आवश्यकता औंल्याउनुभएको छ । भलामखोरस्थित इक्राधारी विचारी खानेपानी योजना तथा सरसफाइ उपभोक्ता समितिको प्रथम साधारणसभामा बोल्दै उहाँले घरमा प्रयोग गरेर बचेको पानी पशुपालन एवम् तरकारी खेतीतर्फ लाग्न स्थानीयसमक्ष आग्रह गर्नुभयो।

खानेपानीको सुविधा पुगेको योजनाको मर्मत गर्नु अपरिहार्य भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "टोलवासीको एकता र सामूहिक भावनाबाट मात्र दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ।" उपभोक्ता समितिका अध्यक्ष तुलसीप्रसाद तिमिल्सिनाको अध्यक्षतामा भएको साधारणसभामा समाजसेवी, बुद्धिजीवी तोरण गुरुङ, सूर्यबहादुर थापा, विश्वबहादुर जिसी, लोकबहादुर जिसी, टेकबहादुर जिसी, रुद्रबहादुर राना, माया तिमिल्सिना, रनबहादुर भुजेल लगायतले सम्पन्न योजना र खानेपानीको महत्वमाथि प्रकाश पार्नुभएको थियो। कार्यक्रममा कोषाध्यक्ष माया जिसीले आर्थिक तथा सचिव प्रजापति पौडेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बैंक तथा वित्तीय संस्थाविरुद्ध उद्योगी

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

पोखराका उद्योगी-व्यवसायीले बैंक तथा वित्तीय संस्थाको धरपकडविरुद्ध सङ्घर्षको घोषणा गरेका छन् ।

पोखरा उद्योग वाणिज्य सङ्घको अगुवाइमा बिहीबार सम्पन्न भेलाबाट पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष संयोजक तथा लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष सहसंयोजक रहेको सङ्घर्ष समितिसमेत गठन गरेको छ। बैंक तथा वित्तीय संस्थाले कर्जाका साँवा र ब्याजका लागि भइरहेका धरपकडविरुद्ध संयुक्त सङ्घर्षका कार्यक्रमको घोषणा गरिएको हो । सङ्घर्ष समितिमा पोखरा र लेखनाथस्थित विभिन्न वस्तुगत सङ्घका अध्यक्षहरू सदस्य रहेका छन् । बैंक तथा वित्तीय संस्थाका कर्मचारीबाट साँझ-बिहान र रातमा पनि टेलिफोन गरेर मानसिक तनाव दिने, घर र पसलमै पुगेर बालबालिकाका सामु धम्क्याउने, पसलमा दिनभर बिक्री भएको पैसा बोकेर हिँड्ने काम भएपछि बाध्य भएर सङ्घर्ष गर्ने निर्णय गरिएको पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापतिले बताउनुभयो ।

सङ्घर्ष समितिले बैंक तथा वित्तीय संस्थाबाट भएका यस्ता कामको सामूहिक प्रतिवाद गर्ने बताउँदै उहाँले कसैमाथि बैंक तथा वित्तीय संस्थाले ज्यादती गरेको भए सङ्घर्ष समिति वा पोखरा र लेखनाथ उद्योग वाणिज्य सङ्घलाई जानकारी दिन अनुरोध गर्नुभयो। बैंक तथा वित्तीय संस्थाबाट एकाएक कर्जाको ब्याज बढाउँदा धेरै उद्योगी-व्यवसायी मर्कामा परेका र तनावकै कारण आत्महत्या गर्न बाध्य हुनुपरेको बताउँदै उहाँले ज्यादती तत्काल रोकिनुपर्ने बताउनुभयो । विषम परिस्थितिम कुनै बैंक तथा वित्तीय संस्थाले कुनै व्यवसायीको धितो लिलामी प्रक्रिया अगाडि बढाए त्यसको पनि प्रतिकार गरिने बताउँदै अध्यक्ष प्रजापतिले समितिको आउँदो बैठकले सङ्घर्षका थप कार्यक्रम र स्वरुप निर्धारण गर्ने जानकारी दिनुभयो ।

भेलामा नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकीका अध्यक्ष सञ्जीवबहादुर कोइरालाले कुनै बैंक तथा वित्तीय संस्थाबाट धम्कीपूर्ण टेलिफोन र पत्र आए त्यसको जानकारी सङ्घर्ष समिति एवं आफूलाई दिन आग्रह गर्नुभयो । दुःख दिने बैंक तथा वित्तीय संस्थालाई परिआए एकमुष्ट लालपुर्जा लगेर बुझाइने उहाँले चेतावनी दिनुभयो । महासङ्घका केन्द्रीय सदस्य दामु अधिकारीले व्यवसायी उठ्नै नसक्ने अवस्थामा पुगेको बेला बैंक तथा वित्तीय संस्थाको सुदखोर व्यवहार मान्य नहुने बताउँदै कर्जाको समयसीमा बढाउन र ब्याजदर घटाउन माग गर्नुभयो । लेखनाथ उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष बलराम ढकालले बैंकहरूबाट कर्जामा एकाएक बढाइने ब्याजका कारण व्यवसायी मर्कामा परेको बताउनुभयो । कार्यक्रममा पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष वसन्त उदास, वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, पोखरा उद्योग वाणिज्य सङ्घका महासचिव बलराम आचार्य, लेखनाथ उद्योग वाणिज्य सङ्घका उपमहासचिव जानुका अधिकारीसहित विभिन्न वस्तुगत सङ्घका अध्यक्ष तथा पदाधिकारीले बोल्नुभएको थियो ।

भेलाले यही माघ २३ गतेदेखि पोखराका मुख्य सहरी क्षेत्रमा पार्किङ निषेध गर्ने पोखरा महानगरपालिकाको निर्णय अव्यवहारिक भएको ठहर गरेको छ । पार्किङ निषेधको निर्णयले मन्दीको मारमा रहेका व्यवसायी थप मर्कामा पर्ने र व्यवसायबाटै विस्थापित हुने जोखिम बढेको भेलाले निष्कर्ष निकालेको छ । भेलाले ट्राफिक व्यवस्थापनमा सुधार गर्न, उचित विकल्पसहित पार्किङस्थलको व्यवस्था गर्न माग गर्दै पोखरा महानगरपालिकालाई निर्णय सच्याउन अनुरोध गर्ने निर्णय गरेको पोखरा उद्योग वाणिज्य सङ्घका महासचिव बलराम आचार्यले जानकारी दिनुभयो । उद्योगी/व्यवसायीलेआउँदोआइतबार निर्णय सच्याउन माग गर्दै ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको उहाँले जानकारी दिनुभयो ।

# पृथ्वीनारायण क्याम्पसले दाबी गर्दै आएको जग्गा हाम्रो खरबारी हो

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

साठीघरे पराजुली समाजले पृथ्वीनारायण क्याम्पसले दाबी गर्दै आएको पोखरा महानगरपालिका वडा नम्बर १ स्थित कित्ता नम्बर ८३३ को जग्गा आफूहरुको भएको दाबी दोहोऱ्याएको छ ।

समाजले शुक्रबार पोखरामा पत्रकार सम्मेलन गरेर पिएन क्याम्पसले दाबी गरेको सो जग्गा आफूहरुले हकभोग गर्दै आएको जग्गा भएको दाबी दोहोऱ्याएको हो । यसअघि गत पुस २१ गते पृथ्वीनारायण क्याम्पस पोखराले सो जग्गा क्याम्पसको भएपनि पराजुलीहरुले हडप्न खोजेको आरोप लगाएको थियो । क्याम्पसले भुमाफियाहरुले क्याम्पसको जग्गा व्यक्तिको नाममा लैजाने प्रयास गरेको बताएको थियो । त्यसको जवाफमा साठीघरे पराजुली समाजले पुस २४ गते विज्ञप्ती निकालेर क्याम्पसको दाबी सफेद झूठ भएको बताएको थियो । शुक्रबार भने समाजले पत्रकार सम्मेलन नै गरेर क्याम्पसको दाबी र उसले पराजुली परिवारमाथि लगाएको आरोपको खण्डन गरेको छ । खास गरेर जग्गा दाबी गर्दै आएको पराजुली परिवारलाई भुमाफिया भनेर गरिएको टिप्पणीप्रति समाजले आक्रोस व्यक्त गरेको छ । समाजका अध्यक्ष विश्वगोपाल पराजुलीले क्याम्पसले भ्रामक र कपोलकल्पित आरोप लगाएर पराजुली परिवारको जग्गा क्याम्पस मातहत लैजाने दुस्साहस गरेकोप्रति आपत्ति जनाए । 'हामीले देशको प्रचलित कानून बमोजिम नै गरेका कामहरुलाई अन्यथा र अवान्छित आरोपहरु लगाउनु र पराजुली परिवारलाई अमर्यादित शब्दले लाञ्छित गर्न खोज्नु देशमा विधिको शासन हैन भीडको शासन छ भनी प्रमाणित गराउन खोज्नु मात्रै हो'-समाजका अध्यक्ष पराजुलीले भने । साठीघरे पराजुली समाजले पिएन क्याम्पसले दाबी गरेको जग्गा पराजुली परिवारका जिजुबाजे पण्डित रत्खार पराजुलीले सम्वत १८७७ मा लालमोहरबाट प्राप्त गरेको जग्गा भएको दाबी गरेको छ। समाजका अनुसार जग्गा प्राप्त गरेदेखि नै पराजुली परिवारले भोगचलन गर्दै आएको र २०१५ सालमा पोता लगतसमेत तिर्दै आएकाले उक्त जग्गा जिजुबाजे रत्नाखर पराजुलीकै भएको तथ्य स्पष्ट हुने जिकीर गरेको छ।

पराजुली समाजले सो जग्गा २०१६ सालमा विर्ता उन्मुलन हुँदा भोगचलन गर्ने विर्तावाल पराजुलीहरुबाट रैकरमा परिणत गर्न माग गरे वमोजिम रैकरमा प्रमाणित गरेर भोगचलन गर्दै आएको तर २०३२ सालमा नापी हुँदा दर्ता छुट हुन गएको बताएको छ । तर सरकारको नीति परिवर्तनपछि हकभोगको प्रमाण कागजातसहित दर्ताका लागि प्रक्रिया अगाडि बढाएको उसको तर्क छ । समाजले २०४० साल चैत १ गते सो जग्गाका भैयादहरुले कित्ताकाट गर्न माग गर्दै कास्की मालपोत कार्यालयमा मञ्जुरीनामा कागज पेश गरेको तथा त्यसपश्चात कसैलेपनि सो जग्गामा दाबी विरोध नगरेको र त्यसैका आधारमा हालसम्मपनि सो जमिन पराजुलीहरुको हो भनी सरजमिन र सिफारिस हुँदै आएको दाबी गरेको छ।

समाजले पिएन क्याम्पसले सो जग्गा आफ्नो हो भनेर हकभोगको प्रमाण मालपोत कार्यालयमा पेश गर्न नसकेको दाबी गरेको छ। उसले क्याम्पस प्रमुख परिवर्तन भएपिच्छे सो जग्गाका बारेमा फरक फरक निर्णय गर्दै आएको दाबी गर्नुका साथै २०५५ फागुन २५ मा सो जमिनमा आफ्नो दाबी नरहेको भन्ने व्यहोराको पत्र लेखेकोसमेत स्पष्ट पारेको छ । साथै २०५६ फागुन २३ मा तत्कालीन क्याम्पस प्रमुखले भूमिसुधार मन्त्रीलाई एउटा पत्र लेखेर सो जग्गा पराजुलीहरुको हो भनी स्वीकार गर्दै मुआब्जा दिई सो जग्गा क्याम्पसको नाममा ल्याउन पत्राचार गरेको समाजका अध्यक्ष विश्वगोपाल पराजुलीले दाबी गरे । समाजले कास्कीको शैक्षिक विकासमा पराजुलीहरुको महत्वपूर्ण योगदान रहेको बताउँदै पिएन क्याम्पसको जमिनपनि पराजुली परिवारकै लगतभित्रको जग्गा भएको बताएको छ । अहिले विवादित देखिएको कित्ता ८३३ जग्गा भने आफूहरुको खरबारी भएको पराजुली समाजको दाबी छ। समाजले पिएन क्याम्पसले दाबी गरेअनुसार सो जग्गा उसको भए क्याम्पसले कहिले र कति रुपैयाँमा खरिद गरेको हो ? तथा सो जग्गा खरिद गर्ने रकम कुन श्रोतबाट प्राप्त भएको हो भन्ने प्रमाण देखाउन चुनौतिपनि दिएको छ । समाजले सो जग्गा पराजुली परिवारकै भएको फैसलासमेत गरिसकेको दाबी गरेको छ। सो जग्गा दर्ता गर्ने क्रममा पटक पटक विभिन्न पत्र पत्रिकामा हकदावी गर्ने सूचना प्रकाशित गर्दा कसैकोपनि दावी नपरेपछि कित्ताकाट गरिसकेपश्चात् मात्र उक्त कित्ताकाटको विरुद्धमा पोखरा-९ बस्ने प्रेमबहादुर राइले २०६३ सालमा दे. दा.नं. ५३६/२५२ को मालपोत कार्यालय कास्कीले कित्ताकाट गर्ने गरेको आदेश बदर गरी कित्ताकाट गर्ने निर्णय बदर गराइ जग्गा सार्वजनिक कायम गरी पाउँ भनी दायर गरेको थियो, समाजले जारी गरेको विज्ञप्तीमा भनिएको छ,'सो मुद्दामा साठी घरे पराजुलीको तर्फबाट प्रतिवाद हुँदा कास्की जिल्ला अदालतबाट २०६५ साल असार १९ गते सो मुद्दाको दावी नपुग्ने गरी फैसला भएको छ।'

त्यस्तै, पछि क्याम्पसले जग्गा रोक्का गर्न जिल्ला प्रशासनमा उजुरी दिएपछि प्रशासनले मालपोत कार्यालयलाई जग्गा रोक्का गर्न पत्र पठाएपनि पछि रोक्का फुकुवाको लागि उच्च अदालत पोखरामा गैह्रकानूनी आदेशबाट रोक्का राखेको जग्गा उत्प्रेषणको आदेशले बदर गरी परमादेशसमेत जारी गरी पाउँ भन्ने रिट निवेदन दिएको र सो बेला २०७६ साल फागुन ४ गते उच्च अदालतले रोक्का फुकुवा गर्न आदेश दिएको समाजले बताएको छ।

# गण्डकी...

दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा प्रदेशका ११ वटै जिल्लाबाट सहभागिता गराउने योजना छ । भलिबल खेलको विकास र विस्तार गरी नयाँ खेलाडी उत्पादनमा प्रतियोगिताले सघाउ पुग्ने विश्वास आयोजकको छ।

पौडेलले भन्नुभयो, 'राष्ट्रिय खेल भलिबल भएका कारणले पनि हामीले प्रदेश स्थापना दिवसमा गण्डकी प्रदेशस्तरीय मुख्यमन्त्री कप महिला तथा पुरुष भलिबल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेका छौं । यो प्रतियोगिताले खेलाडी उत्पादनसँगै प्रदेशका उत्कृष्ट खेलाडीको छनोटमा सघाउ पुग्नेछ।'

प्रतियोगिताको तयारीका लागि बैठकले परिषद्का सदस्य खगेन्द्र क्षेत्रीको संयोजकत्वमा पाँच सदस्सीय आयोजक समिति गठन गर्ने निर्णय गरेको छ। सो समितिमा प्रदेश खेलकुदका सदस्य विष्णुमाया गुरुङ, कार्यालय प्रमुख तोपलाल भुसाल, गण्डकी प्रदेश भलिबल सङ्घका अध्यक्ष नवीन गुरुङ र महासचिव तहलसिंह थापा मगर रहनुभएको छ । प्रतियोगिता संयोजक क्षेत्रीले गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट महिला तथा पुरुष खेलाडीको सहभागिता गराउने जानकारी दिँदै प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुने महिला तथा पुरुष टिमलाई क्रमशः नगद रु एक लाख ५० हजार, रु एक लाख र रु ५० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगितामा उत्कृष्ट हुने महिला तथा पुरुष खेलाडीले जनही नगद रु २० हजार तथा विधागतरूपमा उत्कृष्ट पाँच विधाका महिला तथा पुरुष खेलाडीले जनही रु १० हजारका साथमा ट्रफी र प्रमाणपत्र प्राप्त आयोजकले जनाएको छ।

# १२ महिलाको उद्धार

**रासस**
काठमाडौं, २० माघ

वैदेशिक रोजगारको प्रलोभनमा परी विदेशीन लागेका १२ नेपाली महिलाको उद्धार गरिएको छ।

मानव बेचविखन अनुसन्धान ब्यूरोले मङ्सिर र पुसमा भारत पुऱ्याइएका १२ महिलालाई राजस्थान, जयपुर अन्तर्राष्ट्रिय विमानस्थलबाट उद्धार गरिएको जनाएको हो।

ब्यूरोका निर्देशक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठका अनुसार दुबई हुँदै भिजिट भिसामा इथोपियामा वैदेशिक रोजगारीका लागि लैजाने प्रलोभन देखाइ भारतको जयपुरमा उनीहरुलाई राखिएको थियो । ब्यूरोको पहलमा भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावास, भारतीय प्रहरी, सामाजिक संस्था (हेल्प क्रस इण्डिया) र नेपालस्थित शान्ति पुनःस्थापना गृहको सहकार्यमा उनीहरुको उद्धार भएको हो।

# निर्मलपोखरीका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २० माघ

पोखरा-२१ निर्मलपोखरी स्थित फुकुओका विद्यालयका छात्रछात्रालाई शैक्षिक सामग्री वितरण गरिएको छ।

पोखरा-१२ पुरानोधारा स्थित आदर्श समाज सामाजिक संस्थाले आफ्नो ३२ औं वार्षिकोत्सवको अवसर पारेर उक्त विद्यालयका छात्रछात्रालाई शुक्रबार शैक्षिक सामग्री वितरण गरेको हो । उक्त विद्यालयमा अध्ययनरत ५८ जना छात्रछात्रालाई झोला, कापी, पेन्सील प्रदान गर्नुको साथै पाँच जेहेन्दार तथा विपन्न छात्रछात्रालाई जनही दुई हजार रुपैयाँ प्रदान गरिएको जानकारी कार्यक्रम संयोजक ईन्दिरा कोइरालाले दिनुभयो ।




कार्यक्रमका प्रमुख अतिथि अग्रज पत्रकार शिरोमणि बरालले आर्थिक अभावका कारण कुनैपनि बालवालिका शिक्षाबाट वञ्चित हुन नहुने बताउनुभयो। साथै उहाँले सरकारले शिक्षा क्षेत्रमा लगानी वृद्धिगरी सबै बालवालिकामा शिक्षाको पहुँच पुर्‍याउन जोड दिनुभयो। अझैपनि केही प्रतिशत बालवालिका विद्यालय बाहिर रहेकाले उनीहरुलाई शिक्षा प्रदान गर्न सरकारले आफ्नो भूमिका प्रभावकारी बनाउन जरुरी भएको भनाइ उहाँको थियो।

संस्थाका अध्यक्ष लक्ष्मीदेवी कोइरालाले कठिन परिस्थितिमा पनि विद्यालय पुगेका छात्रछात्रालाई सहयोग पुगोस भनेर नै शैक्षिक सामग्री प्रदान गरेको बताउनुभो। उक्त विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गंगादत्त पौडेलले १४ वर्ष अघि जापानिज संस्था फुकुओका एजुकेशन चिल्डेन कमिटी नामक संस्थाद्धारा विद्यालय संचालनमा ल्याइएको तर उनीहरुले दशवर्षसम्म सहयोग प्रदान गर्दै आएको र चारवर्षयता त्यस्तो सहयोग प्रदान गर्न छाडेपछि विद्यालयको अवस्था दयनीय बन्दै गएको बताउनुभयो।

कुनैबेला दुई सय ८५ विद्यार्थी अध्ययन गर्ने उक्त विद्यालयमा अहिले ५८ जना विद्यार्थी मात्र अध्ययनरत छन् । गुठीद्धारा संचालित उक्त विद्यालयमा विदेशी संस्थाले सहयोग गर्न छाडेपछि शिक्षकलाई तलव दिन सक्ने अवस्थामा छैन, व्यवस्थापन समितिका अध्यक्ष पौडेलले भन्नुभयो । चार वर्ष अघिसम्म कक्षा दशसम्म पढाइहुने उक्त विद्यालयमा अहिले नर्सरीदेखी पाँच कक्षासम्म मात्र पढाई हुने गरेको छ।

विद्यार्थी नभएकै कारण पाँच कक्षासम्म मात्र अध्यापन गराइएको जानकारी अध्यक्ष पौडेलले दिनुभयो। शैक्षिक सामाग्री वितरण कार्यक्रममा विद्यालयका प्रअ चन्द्रकला भण्डारीले विद्यालयको आयश्रोत नहुँदा शिक्षकलाई तलब दिन नसकिएको बताउनुभयो । आदर्श समाज सामाजिक संस्थाका पूर्व अध्यक्ष कृष्ण कोइराला, शिव कोइराला लगायतले विद्यार्थीलाई पढ्न वातावरण बनाउन सबैको सहयोग आवश्यक पर्ने कुरा बताउनुभयो । विद्यार्थीलाई एक लाख रुपैयाँ बराबरको शैक्षिक समग्री वितरण गरिएको जानकरी सो अवसरमा दिइएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बाख्रापालनबाट चार लाख आम्दानी

पोखरापत्र संवाददाता
तनहुँ, २० माघ

तनहुँको म्याग्दे गाउँपालिका-५ चिमखानाका कृषक कृष्ण खड्काले बाख्रापालनबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ।

विगत केही वर्षदेखि बाख्रापालन व्यवसाय सुरु गर्नुभएका उहाँले बाख्रापालनबाट भएको आम्दानीले घरखर्च चलाउँदै आउनुभएको हो । उहाँले बाख्रापालनबाट वार्षिक करिब रु चार लाख आम्दानी गर्दै आउनुभएको छ । कृपा कृषि तथा पशु फार्म दर्ता गरेर बाख्रापालन गर्नुभएका खड्का फार्ममा अहिले २८ वटा बाख्रा छन् । खड्कालाई बाख्रापालनका लागि श्रीमती, छोरा र बुबाले सघाउँदै आउनुभएको छ ।

"जहाँ गए पनि केही न केही गर्नुपर्दछ, त्यो भन्दा आफ्नै गाउँमा नै बाख्रा र कृषि गर्छु भन्ने सोचसहित व्यवसाय सुरु गरेको हुँ", उहाँले भन्नुभयो । लगातारको निरन्तर प्रयासले बाख्रापालनबाटै घरखर्च चलेको उहाँको भनाइ छ । "घरमा खाली बस्नुपरेको छैन । आम्दानीको स्रोत पनि बनेको छ", उहाँले भन्नुभयो, "काममा दत्तचित्त भएर लाग्ने भए पैसा कमाउन विदेश जानुपर्दैन ।"

खड्काले बाख्राका लागि आवश्यकपर्ने घाँसखेती गर्नुभएको छ । आफ्नै जग्गामा घाँसखेती गरिरहेको उहाँले बताउनुभयो । "स्थानीय जातका बाख्राको मूल्य राम्रो हुने र जोखिम पनि कम हुँदा व्यवसायले सन्तुष्टि दिएको छ", उहाँले भन्नुभयो । कृषक खड्काले बाख्रापालनबाट खर्च कटाएर मासिक रु ३० हजारभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । "बाख्रा बिक्रीका लागि बजारको समस्या छैन, खर्च कटाएर बचेको पैसाले घरखर्च चल्दै आएको छ", उहाँले भन्नुभयो । उहाँले बाख्रापालका अलवा तरकारी खेती पनि गर्दै आउनुभएको छ । पाँच रोपनी क्षेत्रफलमा काउली खेती गर्नुभएका खड्काले तरकारी बिक्रीबाट पनि राम्रो आम्दानी भएको बताउनुभयो । "बजार नजिक भएका कारण तरकारी बिक्रीमा समस्या छैन", उहाँले भन्नुभयो । पशुपालनमा लागे पनि कतैबाट केही अनुदान नलिएको उहाँको भनाइ छ।

गाउँपालिकाले व्यावसायिकरूपमा पशुपालन तथा कृषि गररहेका कृषकलाई प्रोत्साहनका लागि अनुदान दिने व्यवस्था मिलाएको छ। त्यसका लागि गाउँपालिकाले अनुगमन सुरु गरेको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो । "कृषकलाईप्रोत्साहनगर्नकालागि अनुदानको व्यवस्था मिलाएका छौं, त्यसका लागि विभिन्न ठाउँ पुगेर अनुगमन गरिरहेका छौं", उहाँले भन्नुभयो।

गाउँपालिकाले व्यावसायिक कृषकका लागि चालू आर्थिक वर्षमा बोका वितरणका लागि रु तीन लाख ५० हजार, च्यापकटर वितरणका लागि रु एक लाख, गोठ खोर निर्माणका लागि रु चार लाख, लोकल कुखुरा वितरणका लागि रु एक लाख बजेट विनियोजन गरेको छ । "व्यावसायिकरूपमा पशुपालन गरिरहेका कृषकलाई पशुपालनमै टिकाइराख्न अनुदान नीति गाउँसभाबाट पारित भएर बजेट विनियोजन भइसकेको छ", गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले भन्नुभयो, "अनुदान लिन चाहने कृषकसँग निवेदन माग गरेका छौं ।" उहाँका अनुसार कृषकले गाउँपालिकामा निवेदन दिएका कृषकको फार्म अनुगमन सुरु गरिएको छ।

# बैँसीसहर-चामे सडक ४० प्रतिशत स्तरोन्नति

पोखरापत्र संवाददाता
लमजुङ, २० माघ

पहाडी जिल्ला लमजुङ र हिमाली जिल्ला मनाङ जोड्ने बैँसीसहर-चामे सडकको ४० प्रतिशत मात्र स्तरोन्नति गरिएको छ । पैँसठ्ठी किलोमिटर रहेको यस सडकखण्डको लमजुङतर्फ ३५ किलोमिटर र मनाङतर्फ ३० किलोमिटर सडक पर्दछ । बैँसीसहरदेखि खुदीसम्मको सात दशमलव आठ किलोमिटर सडक स्तरोन्नति गरिएकामा अझै ६० प्रतिशत बाँकी रहेको डुम्रे बैँसीसहर चामे सडक आयोजनाका सूचना अधिकारी पुरुषोत्तम अधिकारीले बताउनुभयो।

उहाँका अनुसार यहाँ नाली निर्माण, टेवा पर्खाल निर्माण, स्याल्व र कल्भर्ट निर्माण र पाइपको काम अन्तिम अन्तिम चरणमा पुगेको छ। नाली निर्माणको काम पनि ६० प्रतिशत बाँकी रहेको र नाली निर्माणपश्चात् भने कालोपत्र कार्य अघि बढ्ने उहाँको भनाइ थियो। सडक चौडा गर्ने, कटिङ गर्ने कार्य गरिएको छ । अब नाली बनाउने र केही संचरना निर्माणलगायत काम बाँकी रहेको उक्त आयोजनाले जनाएको छ । निर्धारित समयसीमा भित्र सम्झौताअनुसार काम सम्पन्न गर्ने लक्ष्यका साथ नै काम अघि बढिरहेको बताइएको छ । आगामी असार २९ गतेभित्र उक्त सडक कालोपत्र गरिसक्नुपर्नेमा निर्धारित समयमा काम सम्पन्न गर्न सकिदैन कि भन्ने स्थानीयवासीमा आशङ्का बढ्न थालेको छ। सूचना अधिकारी अधिकारीले भन्नुभयो, "दसैं, तिहार, चुनाव र बर्खायामका कारण काममा सुस्त भएकामा अहिले भने तीव्ररूपमा अघि बढेको छ । स्थानीय श्रमदान र सरकारी निकायबाट सहयोग मागेर लमजुङवासीले विसं २०५१ मा यसखण्डअन्तर्गत बैँसीसहरदेखि खुदीसम्म मोटरबाटोका लागि ट्र्याक्क खोलेका थिए ।" कार्यालयका अनुसार बस्ती भएको ठाउँमा भने दुईतर्फी नै नाली बन्ने र बस्ती नभएको ठाउँमा एक साइड मात्र नाली निर्माण हुने भएको छ। पहिलो चरणको उक्त कार्य सम्पन्न भएपश्चात् दोस्रो चरणमा अस्फाल्ट प्रविधिबाट कालोपत्र गरिने भएको छ । तेस्रो चरणमा रेखाङ्कन, रोड फर्निचर , पोन्टिङलगायत काम गरिने भएको छ। पहिलो चरणको निर्माण गत असार महिनाभित्रमा सम्पन्न गर्ने लक्ष्यका साथ काम अघिबढे पनि सम्पन्न भने हालसम्म हुन सकेको छैन । आशिष अनेस्ट जेभीले विसं २०८० असार २ ९ गतेसम्म कालोपत्र गर्ने गरी विसं २०७८ असार ३० मा सम्झौता गरेर काम अघि बढाएको थियो।

# निर्माण सामग्री सडकमै हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती

पोखरापत्र संवाददाता
बागलुङ, २० माघ

जथाभावी सडकमा थुपारेको निर्माण सामग्रीले सवारी आवागमन र पैदल यात्रीलाई बाधा पुग्ने गरेको छ। सरकारी भवन बनाउँदा होस् वा व्यक्तिका घर बनाउँदा पनि निर्माण सामग्री बागलुङ बजारको सडकमै थुपार्ने गरिएको छ।

सडकमै सवारी साधनको पार्किङले पनि बागलुङ बजार अस्तव्यस्त बन्दै गएको छ । सदरमुकाममा रहेका कुनै पनि सरकारी कार्यालयभित्र सेवाग्राहीले पार्किङको सुविधा पाउँदैनन् । जिल्ला प्रशासन कार्यालयलगायत सबै कार्यालयमा काम गर्ने कर्मचारीको मात्रै सवारी साधन कार्यालय परिसरमा राखेपछि गेट बन्द गरिन्छ । कार्यालयले सेवाग्राहीका सवारी साधन पार्किङ गर्न अनुमति दिँदैनन् । यहाँका कार्यालयमा मानिस छिर्ने ठाउँ राखेर ढोका बन्द गर्ने चलन वर्षौंदेखि छ । सदरमुकाममा रहेका ठूला सप्लायर्सका ढुवानी गर्ने ट्रकले कार्यालय, विद्यालय समय हेर्दैनन्। सडक नै जाम हुनेगरी जुनकसुकै बेला बजार प्रवेश गर्छन् । साँघुरो सडक नै जाम हुनेगरी आउने ठूला ट्रकले अन्य सवारी आवागमनमा बाधा पुर्‍याउँदै आएका छन् । पार्किङस्थलको अभावमा सवारी साधन सडक छेउमै पार्किङ गर्नुपर्ने सर्वसाधारणको बाध्यता छ।

सहरोन्मुख दश पालिका मुकाममा ट्राफिक व्यवस्थापन चुनौती बन्दै गएको छ। जिम्मेवारी पाएको ट्राफिक प्रहरी कार्यालयसँग १५ जनाको मात्रै दरबन्दी छ। सदरमुकाम बागलुङ बजारकै बग्रेल्ती समस्या समाधानमा मात्रै आठ/नौजना चाहिन्छन् । बाँकी जनशक्तिले जिल्लाका सबै क्षेत्रको ट्राफिक व्यवस्थापन गर्न कठिन भइरहेको ट्राफिक प्रहरी प्रमुख, वरिष्ठ प्रहरी नायब निरीक्षक मीनबहादुर खड्काले बताउनुभयो । सदरमुकाम आउने रातो नम्बर प्लेटका सवारी साधनले यात्रु बोक्नेदेखि क्षमताभन्दा धेरै यात्रु बोक्ने समस्यामा प्रहरीको नजर पुगेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ कामनाटोलको बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: कामना टोलको बाटो ढलान**
**स्थान: पोखरा-१३ कामना टोल**
**योजना सम्झौता मिति : २०७९/०९/०४ गते**
**योजना सुरु भएको मिति : २०७९/०९/०५ गते**
**योजना सम्पन्न मिति: २०७९/०९/२५ गते**
**योजनाको कुल लागत : रु. ३,७५,०००।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.३,००,०००।-**
**जन सहभागितावाट : रु.७५,०००।-**
**थप जम्मा खर्च: ४,१२,८०७।-**
**उपभोक्ता समिति अध्यक्ष: शेरजंग गुरुङ**
**उपाध्यक्ष: विष्णु कार्की, सचिव: कुल प्रसाद गुरुङ, कोषध्यक्ष: निर्मला गुरुङ सदस्य: रिता गुरुङ, दुर्गा गुरुङ, सन्तोष आचार्य अनुगमान समिति : कृष्णराज गौतम, सिताराम गुरुङ, अज्बिना लामा**

**कामना टोलको बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-१३, कामना टोल**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १२ भिमफेदी मार्ग बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: भिमफेदी मार्ग, सिइटिभिटी गेट पूर्व तर्फ र सिइटिभिटी गेट तल्लोपट्टीको ढलान बाटो निर्माण**
**स्थान: पोखरा-१२, कास्की**
**योजना सम्झौता मिति : २०७९/०९/०४ गते**
**योजना सुरु भएको मिति : २०७९/०९/०५ गते**
**योजना सम्पन्न मिति: २०७९/१०/२५ गते**
**योजनाको कुल लागत : रु. १९,००,०००।-**
**पोखरा महानगरपालिकाबाट प्राप्त हुने रकम: रु १५,२०,०००।-**
**जन सहभागितावाट : रु.३,८०,०००।-**

**डिल बहादुर कार्की**
**अध्यक्ष**
**भिमफेदी मार्ग उपभोक्ता समिति**
**पोखरा-१२, भिमफेदी मार्ग**



## मेडिकल कार्ड हराएको सूचना

**कास्की जिल्ला मादी गाउँपालिका वडा नं. ८ पाखुरीकोट बस्ने पार सुब्बाको भारतीय सेना ५२४२०३९ हवल्दार ३/३ GRको पेन्सन पट्टा नं. ३५७६३-९२ को ECHS (मेडिकल कार्ड) हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।**

**नाम: पार सुब्बा (Par Subba)**
**ठेगाना: मादी गाउँपालिका वडा नं. ८ पाखुरीकोट**
**हाल: पोखरा मनपा वडा नं. १३, माछापोखरी**
**पेन्सन पट्टा नं.: ३५७६३-९२**
**सम्पर्क नं. ९८१४१०५६९९**



## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

**मिति २०७९ साल जेठ ३० गतेका दिन बेगनासतालबाट पोखरा तर्फ आउदै गर्दा मेरो तपसिल बमोजिमको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।**

**नाम : सदिक्षा आचार्य**
**सिम्बोल नं. : २४००६१४७**
**रजिष्ट्रेशन नं.: ७६४०३६२५४**
**सम्पर्क नं.: ९८६४४२०१६०**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## त्रिभुवन विश्वविद्यालय
# वन विज्ञान अध्ययन संस्थान
## पोखरा क्याम्पस, पोखरा

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**१. ल्याब सप्लाई Equipment सप्लाई गर्ने सम्बन्धी परिमार्जित शिलबन्दी बोलपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको फरेष्ट्र प्रोडक्ट युटिलाईजेशन ल्याब Equipment खरिद गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. २०,१५,०००।- मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका ल्याब Equipment हरु सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/१० गतेभित्र रीतपूर्वकको शीलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**२. क्याम्पस परिसरको वाउण्डरीवालमा तारबार लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पस परिसरको वाउण्डरी वालमा तारबार लगाउनुपर्ने भएको हुँदा भ्याट सहित रु. ६,१२,१००।०७ मा काम गर्न इच्छुक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**३. क्याम्पसको प्रशासकीय भवनमा फर्निसिङ्ग गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको प्रशासकीय भवनमा फर्निसिङ्गको कार्य गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. ५,९२,६०४।४१ मा काम गर्न इच्छुक आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**४. शिरिष छात्रवासको Water Proofing गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको शिरिष छात्रावासमा Water Proofing तथा अन्य मर्मत कार्य गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. १०,१०,७६७।३९ मा काम गर्न इच्छुक अनुभवी आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गते भित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**५. अन्नपूर्ण छात्रवासको Water Proofing गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको अन्नपूर्ण छात्रावासमा Water Proofing तथा अन्य मर्मत कार्य गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. १०,१०,७६७।३९ मा काम गर्न इच्छुक अनुभवी आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**६. क्याम्पस मूलगेटमा पार्किङ्ग स्थल निर्माण गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको मूलगेट नजिक पार्किङ्ग स्थल बनाउनुपर्ने भएको हुँदा भ्याट सहित रु. २,४९,०४९।७० मा काम गर्न इच्छुक आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**७. क्याम्पस मूलगेटको स्तरोन्नति गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**
यस क्याम्पसको मूलगेटको स्तरोन्नति गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. १,७४,७००।३२ मा काम गर्न इच्छुक आधिकारिक इजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७९/११/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

विस्तृत जानकारीका लागि यस क्याम्पसको वेवसाइट हेर्न वा क्याम्पसमा सम्पर्क राख्नुहोला।

**क्याम्पस प्रमुख**

# मौरीका घारले भरियो रत्नेचौरको तोरीबारी

– ध्रुवसागर शर्मा
म्याग्दी, २० माघ

रत्नेचौरको फाँट तोरी फुलेर पहेँलै भएको छ। खेतका डिलमा लहरै राखिएका छन् मौरीका घार। म्याग्दीको बेनी नगरपालिका-१ मा पर्ने रत्नेचौरको फाँट यतिबेला मौरीको चरन र मानिसको भीडले 'भाइरल' बनेको छ।

यही भाइरल तोरी फाँटमा बेनी-४ सुर्केमेलाका दिलबहादुर खत्री मौरी चराउन व्यस्त हुनुहुन्छ। उहाँ रत्नेचौर र छिमेकी जिल्ला बागलुङको कुँडुलेमा रहेको तोरीबारीको छेउमा दिनभर मौरी चराउनुहुन्छ । एक दशकदेखि व्यावसायिक रूपमा मौरीपालन गर्नुभएका ४२ वर्षीय खत्री ७० घार मौरी लिएर घुम्ती चरनका लागि रत्नेचौरको तोरीबारीमा आउनुभएको छ। पहेँलै फुलेको तोरीबारी आसपासका क्षेत्रमा मौरीको ताँती नै देखिन्छ।

"मौसमअनुसार आहारा पाइने ठाउँमा मौरीलाई सार्नुपर्छ, मौरीको स्रोत जोगाउन पनि रुचाइएको आहारा र शान्त वातावरण चाहिन्छ", उहाँले भन्नुभयो। जङ्गल आसपासका क्षेत्रलाई चरन क्षेत्रका रूपमा प्रयोग गर्दा मह दोब्बर उत्पादन हुनाका साथै स्वादिलोसमेत हुने भएकाले समय अनुकूल चरन क्षेत्रको खोजी गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँ २१ वर्षको उमेरमा दुबई पुगेर दुई वर्ष बिताएर फर्किएपछि पुनः मलेसिया जानुभयो। मलेसियामा तीन वर्ष बसेर फर्केर खत्री बहुउद्देश्यीय कृषि फार्म दर्ता गरेर मौरीपालन गर्नुभएका खत्रीले वार्षिक रूपमा मौरी तथा मौरीसहितका घार बिक्री गरेर वार्षिक रु २० लाखको कारोबार गर्ने गरेको बताउनुभयो।

वार्षिक एक क्विन्टल मह उत्पादन हुने र सबै खर्च कटाएर वार्षिक रु १२ लाखभन्दा बढी आम्दानी हुने उहाँको भनाइ छ। उहाँले महका अलवा मौरीसहित र खाली गरी वार्षिक एक सय मौरीका घार पनि बिक्री हुने बताउनुभयो। प्रतिघार मौरीसहित बिक्री गर्दा ४० प्रतिशत लगानी र ६० प्रतिशत श्रम तथा मुनाफा हुने उहाँको अनुभव छ। गत वर्ष मौरीसहितका घार बिक्रीबाट मात्रै उहाँले रु १० लाख आम्दानी भएको जानकारी दिनुभयो।

यस वर्ष चरन क्षेत्रमा राखेका ७० घार मौरीबाट दुई सय ५० किलो मह उत्पादन गर्ने अपेक्षा गरेको उहाँले सुनाउनुभयो । प्रत्येक घारमा मौरीले तीनदेखि चार किलोसम्म मह उत्पादन गर्दछ। ताजा मह रु एक हजारदेखि रु एक हजार पाँच सय प्रतिकिलोका दरले बिक्री हुने गरेको छ । महका गोला र मौरीसहितका घार, खाली घार, खाली घार भएका कृषकका लागि मौरी मात्रै पनि बिक्री गर्ने गरेको उहाँ बताउनुहुन्छ । कृषि ज्ञान केन्द्रले निर्धारण गरेको मूल्यअनुसार मौरीसहित घारको रु १० हजार, मौरी मात्रै रु पाँच हजार र खाली घार रु तीन हजार पाँचसयमा बिक्री हुन्छ।

बर्खाको समयमा धान र मकै, हिउँदमा तोरीबारीमा लैजाने गरेकामा पर्याप्त आहारा नपुगेमा मौरी भाग्ने जोखिम रहेको अर्का कृषक जीवन केसीले बताउनुभयो। उहाँले मौरीको सबैभन्दा पहिलो रोजाइ चिउरी र दोस्रो तोरीबारी रहेको जानकारी दिनुभयो । गुणस्तरीय महका लागि फलफूल, तरकारी, तेलहन, दलहन बाली, फूल फुल्ने सबै बिरुवा अनुकूल भए पनि सबैभन्दा राम्रो तोरी र चिउरी हुने उहाँको भनाइ छ । गुणस्तरीय मह उत्पादन गरे ग्राहक मह खोज्दै घरमै आउने भएकाले बजारको समस्या नभएको कृषकहरूको भनाइ छ।
रत्नेचौरको तोरीबारीमा मौरी चराइरहेका कृषक केसीका अनुसार मौरीपालनबाट सोचेजस्तै आम्दानी हुने गरेको छ। उहाँले मौरीको आनीबानीसँग खेल्न सक्नेलाई अन्य व्यवसाय गर्न नपर्ने बताउनुभयो। हरेक मौसममा फरक फरक ठाउँमा पुऱ्याएर चराउनुपर्ने वाध्यता रहेको उहाँको भनाइ छ।

बिहान चरन क्षेत्र पुगेका मौरी घाम अस्ताउन लागेपछि आफ्नै बासस्थानमा फर्किने अवस्थामा अरिङ्गाल लगायतका किराको आक्रमणले क्षति हुने गरेको कृषकले बताएका छन्। विगतमा मौरीले तोरीबारी नष्ट गर्ने भ्रम रहेको अवस्थामा अहिले भने तोरीखेतीमा सक्रिय कृषकले नै मौरीपालकलाई बोलाउने गरेको भानु मावि रत्नेचौरका प्रअ भरत खत्रीले बताउनुभयो।

म्याग्दीमा अगुवा कृषकले मौरी पालनबाटै वार्षिक रु १० लाखभन्दा बढी आम्दानी गर्ने गरेका छन् । एकै ठाउँमा चरन क्षेत्रले नपुग्ने भएपछि घुम्ती चरनका लागि ठाउँठाउँमा घार राख्ने गरिएको छ।

# जग्गा बाँझो नराख्नेलाई अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, २० माघ

भिमाद नगरपालिकाले बाँझो जग्गामा उत्पादन गर्नेलाई अनुदान उपलब्ध गराउने निर्णय गरेको छ।

गाउँका अधिकांश खेतबारी बाँझो राख्नेक्रम बढ्दै गएपछि कृषितर्फ प्रोत्साहन गराउन कृषकलाई अनुदानको व्यवस्था गरेको हो। आफ्नो बारीमा खेती गर्नेलाई प्रतिरोपनी रु दुई हजार र अरूको बारीबाट उत्पादन गर्ने कृषकलाई प्रतिरोपनी रु तीन हजार अनुदानको व्यवस्था गरिएको नगरप्रमुख दधीराज सुवेदीले जानकारी दिनुभयो।

"बाँझो जग्गा राख्न रोकी उत्पादन गरेर व्यापारका माध्यमबाट कृषकलाई आम्दानी दिने योजना बनाएका छौँ", उहाँले भन्नुभयो, "अनुदान पाउने भएपछि कृषक पनि उत्साहित भएका छन् ।" 'समृद्धिको आधार उत्पादनमा वृद्धि र व्यापार' भन्ने मूल नाराका साथ नगरपालिका क्षेत्रमा उत्पादन बढाउने अभियान सुरु गरेको उहाँले बताउनुभयो।

कृषकलाई लागत मूल्य घटाउन ट्र्याक्टर तथा हाते ट्र्याक्टरलगायतका कृषि औजार अनुदानमा दिने व्यवस्था मिलाइएको सो नगरपालिका कार्यालयले जनाएका छ। बाँझो जग्गा उपयोग गर्ने कृषकलाई मल, बीउ र खनजोतका लागि प्रोत्साहनस्वरूप चालु आर्थिक वर्षदेखि अनुदानको व्यवस्था गरिएको छ। बाँदरले अन्नबाली धेरै नोक्सान गर्ने स्थानमा अदुवा र बेसार खेती गर्न कृषकलाई प्रोत्साहन गरिएको छ । बाँझो जमिन सदुपयोग गर्दै कृषि उत्पादन क्षेत्रमा संलग्न हुन चाहने कृषकलाई निवेदन पेस गर्न नगरपालिकाले आग्रह गरेको उपप्रमुख शारदा खनालले बताउनुभयो। कार्यक्रमले विशेष गरी जमिन बाँझो राखेर विदेश जाने युवालाई स्वदेशमै काम गर्न प्रोत्साहन मिल्ने र उत्पादन भएपछि खाद्यान्नमा आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास लिइएको छ । भारतबाट ठूलो परिमाणमा खाद्यान्न आयात हुँदै आएको छ। आफ्ना जग्गा बाँझो राखेर गुणस्तरहीन वस्तु प्रयोग गर्दै आएको छौँ। उहाँले भन्नुभयो, "भारतले निर्यात रोकिदियो भने भोकमरीमा पर्न सकिन्छ, त्यसकारण खाद्यान्नमा आत्मनिर्भर हुन आवश्यक छ।" ताजा र विषादीरहित वस्तु प्रयोग गर्नाले मानव जीवनमा समेत नकारात्मक असर पर्नबाट जोगाउन सकिने हुँदा उत्पादमा जोड दिइएको उहाँले बताउनुभयो।

# चार करोड लगानीमा पशुपालन

पोखरापत्र संवाददाता
वालिङ, २० माघ

स्याङ्जाका फेदीखोला गाउँपालिका-१ मट्टिखानका विष्णुप्रसाद पोखेलले गाउँमै पशुपालन गर्दै आउनुभएको छ । किराना पसल सञ्चालन गर्दै आउनुभएका उहाँ अहिले पुर्ख्यौंली थलोमा पशुपालन सुरु गर्नुभएको हो।

उहाँले दुई वर्षअघि 'जनविश्वास कृषि तथा पशु बहुउद्देश्यीय फार्म' दर्ता गरी १० वटा भैँसीबाट व्यवसाय थाल्नुभएको हो । बजारमा किराना पसल सञ्चालनमा रहेको भए पनि गाउँमा भएको जग्गाको सदुपयोग गर्नका लागि पशुपालनमा हात हालेको उहाँ बताउनुहुन्छ । "फेदीखोला बजारमा किराना पसल अहिले पनि छ", उहाँले भन्नुभयो, "गाउँको जमिन सदुपयोगका साथै बजारमा दूधको माग अत्यधिक रहेकाले पशुपालन सुरु गरेको हुँ।" सुरुमा गोठ बनाउने, भैँसी खरिद गर्ने, घाँस, पराल तथा दाना खरिदमै करिब रू दुई करोड लगानी लागेको उहाँको भनाइ छ । फार्मबाट प्राप्त आम्दानी तथा लगानी थप गर्दै गाई भैँसी खरिद गर्नुभएको हो। दश भैँसी पालेर व्यावसायिकतातर्फ उन्मुख हुनुभएका पोखेलको फार्ममा अहिले एक सय ८५ वटा गाई र भैँसी छन् । जसमध्ये एक सय दुहुना भैँसी, ५० वटा राँगा तथा पाडापाडी छन् साथै २० वटा दुहुना गाई र १५ वटा बाच्छाबाच्छी छन् । फार्म पन्ध्र रोपनीमा फैलिएको छ। जग्गा भाडामा लिएर गाई भैँसीका लागि घाँस उत्पादन गर्नुभएको छ भने झण्डै एकसय रोपनी अरुको जग्गा भाडामा लिएर डालेघाँस, खर घाँस तथा उन्नत खालका घाँस लगाउनुभएको छ।

उहाँको फार्मबाट अहिले भैँसीको दूध चार सय लिटर र गाईको दूध एक सय लिटर उत्पादन हुँदै आएको छ। भैँसीको दूध फेदीखोला, मट्टिखान, सेतीदोभान, खड्केटारी, पोखरालगायतका स्थानीय बजारमै खपत हुने गरेको उहाँले बताउनुभयो । "दूधको बजारका लागि कुनै समस्या छैन बरु स्थानीय बजारमा माग भएअनुसार दूध पुऱ्याउन सकिएको छैन", उहाँले भन्नुभयो, "दूधको माग धान्न पनि अझै ४० वटा गाई थप्ने तयारी गरिरहेको छु ।" भैँसीको दूध स्थानीय बजारमा खपत हुने गरेको छ भने गाईको दूध पोखरा औद्योगिक क्षेत्रमा दिएको उहाँको भनाइ छ। दूध बिक्रीबाट अहिले उहाँले मासिक रू १५ लाख आम्दानी हुने उहाँको भनाइ छ।

सुरुका वर्ष भएकाले गाईभैँसी खरिद, दानापानी, परालमा किन्नुका साथै पूर्वाधार निर्माण गर्नुपरेकाले त्यसैमा लगानी गरेको उहाँले बताउनुभयो। फार्ममा हाल १३ जना कार्यरत छन् । "यहाँ उत्पादन भएको दूध बजारमा पूरै खपत भएकाले पनि दूधबाहेक अन्य सामग्री बनाएर बिक्री गर्ने तत्काल कुनै योजना छैन", उहाँले भन्नुभयो । पशुपालनलाई व्यावसायिकरूपमा अगाडि बढाउँदै जाँदा बजारको कुनै समस्या नभएपछि थप ऊर्जा र जाँगर थपिँदै गएको महशुस गर्नुभएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९२/०३/०३ गते

स्वर्गारोहणः
वि.स. २०७९/१०/०९ गते

स्वः हरीलक्ष्मी कायस्थ

यस हस्पिटलका शेयर धनी निरुदेवी प्रजूको सासुआमा तथा सुवर्ण कायस्थ र विष्णु कायस्थको ममतामयी आमा **हरीलक्ष्मी कायस्थ**को ८८ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनुभएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

पोखरा ॐ हस्पिटल
डाइग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि.
महेन्द्रपुल, पोखरा-९